# प्रेस विज्ञप्ति

## कृषी पेशालाई सम्मानित पेशा बनाउने मुक्तिनाथको अभियान

**मितिः २०७९/०८/२०**

गाउँको उत्पादन शहरमा,शहरको पुँजी गाउँमा भन्ने अभियान अन्तर्गत गाउँ गाउँ सहकारी,घरघर रोजगारी लाई मुलमन्त्र बनाई मुक्तिनाथ विकास बैंकले बहुउद्देश्यीय कृषि सहकारी मार्फत आम जनसमुदायलाई समेटि उद्यमशिता विकास गर्ने र कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकसित गराउने अभियान सरु गरेको छ । पहिलो चरणमा स्याङ्गजा,कास्की,तनहुँलाई केन्द्रविन्दु बनाई कार्य थालनी गरेको बैंकले हालै मात्र स्याङ्गजाको हरिनाश गाउँपालिकामा दग्दी मुक्तिनाथ बहुद्देश्यीय कृषि सहकारी संस्था लि.,कास्कीको माछापुच्छे गाउँपालिकामा माछापुच्छे मुक्तिनाथ बहुउद्देश्यीय कृषि सहकारी संस्था लि. र तनहुँको भानु नगरपालिकामा मिर्लुङ्गकोट मुक्तिनाथ बहुउद्देश्यीय कृषि सहकारी संस्था लि.को नाममा आम जनभेला मार्फत तदर्थ समिति गठन गरि स्थानिय स्तरमा सहकारी दर्ता प्रकृया अघि बढाएको छ। मुक्तिनाथ विकास बैंक लि.तथा मुक्तिनाथ कृषि कम्पनी लि.का अध्यक्ष श्री भरतराज ढकाल को अध्यक्षतामा आयोजित आम जनभेलामा सम्बन्धित गा.पा.तथा न.पा.प्रमुख,उप्रमुख,वडाअध्यक्ष,स्थानिय बुद्धिजिबि,समाजसेवी, कृषक,उद्यमी लगायत स्थानिय बासिन्दाको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा मुक्तिनाथ विकास बैंकको तर्फबाट समुदाय स्तरिय सहकारी शिक्षा र मुक्तिनाथ कृषि कम्पनीको तर्फबाट कृषि प्रविधि हस्तान्तरण साक्षरता प्रशिक्षण पनि संचालन भएको थियो । प्रशिक्षणको सहजिकरण मुक्तिनाथ विकास बैकका कर्मचारी सन्तोष रोका र मुक्तिनाथ कृषि कम्पनीका कर्मचारी भुमीराज भण्डारीले गर्नुभएको थियो ।






सहकारी दर्ता पश्चात उक्त सहकारीले स्थानिय कृषक तथा उद्यमीलाई मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीसंग जोड्ने पुलको काम गर्नेछ । सहकारीको माध्यमबाट उत्पादक देखि उपभोक्ता

सम्मको मुल्य श्रृखला निर्धारण गर्ने काम हुनेछ । सहकारीमा आबद्ध शेयर सदस्यहरुलाई आफ्नो परियोजना संचालनका लागि आवश्य पुँजीको व्यवस्था मुक्तिनाथ विकास बैंकले सहकारी मार्फत उपलब्ध गराउनेछ । कृषकहरुलाई आवश्यक कृषि सम्बन्धी तालिम,प्रशिक्षण,विउविजन,विषादी लगायतका उपजहरु र आवश्यक प्रविधिक सामाग्री तथा परामर्शहरु मुक्तिनाथ कृषि कम्पनीले सहकारी मार्फत उपलब्ध गराउनेछ। साथै कृषक तथा उद्यमीहरुले उत्पादन गरेका सम्पुर्ण सामाग्रीहरु सहकारी मार्फत संकलन गरि मुक्तिनाथ कृषि कम्पनीले उपभोक्ता सम्म पुऱ्याउने कामको जिम्मा लिनेछ।

यस किसिमको कार्य नेपालमै पहिलो पटक मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीको सहकार्यमा हुन गईरहेको हुँदा यसले भविष्यमा कृषि पेशा सम्मानित पेशाको रुपमा विकसित भई हरेक घरघरमा रोजगारी श्रृजना हुने र यस पेशामा शिक्षित युवाहरुको समेत अकर्षण बढ्ने हुँदा विदेशिने युवाको संख्यामा कमी आउनुको साथै भविष्यमा आर्थतन्त्रमा नै यसले ठुलो योगदान पुऱ्याउने कुरामा आफु ढुक्क रहेको मुक्तिनाथ विकास बैंक तथा मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष ढकालले बताउनु भयो । भेलामा उपस्थित सम्पुर्ण स्थानिय जनप्रतिनिधि तथा स्थानिय व्यक्तिहरुबाट कृषि क्षेत्रलाई प्राथमिकतामा राखि ल्याईएको यस कामको उच्च प्रंशशा गर्दै यसलाई सफल बनाउन आफ्नो तर्फबाट गर्नुपर्ने सम्पुर्ण सहयोग गर्न तयार रहेको प्रतिवद्धता पेश भएको थियो ।
साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको VISA Network मा आवद्ध अन्य जुन सुकै बैंकको ATM Machine बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा ***मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागिः ९८०१११००२२, कर्जा सेवाको लागिः ९८०१११००२३)*** आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग